**नेपाल भूकम्प २०७२ अपडेट : ४१ औं दिन**
**मिति : ०७२ जेठ २१**
**अन्तिम अपडेट : २२:०० बजे**

**मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)**
**मृतक : ८,७०२**
**घाइते : २२,२२०**

## परीक्षण नगरिएको विद्यालय भवनमा नपढाऊः शिक्षा मन्त्रालय

शिक्षा मन्त्रालयले भूकम्पबाट क्षतिग्रस्त विद्यालय परीक्षण नभएको अवस्थामा कक्षा सञ्चालन नगर्न सम्बन्धित पक्षलाई निर्देशन दिएको छ।

मन्त्रालयद्वारा जेठ २१ गते जारी सूचनामा उपत्यकालगायत प्रभावित क्षेत्रबाट विद्यालय भवन परीक्षण बिनानै कक्षा सञ्चालन भएको गुनासो आएको भन्दै उक्त निर्देशन दिएको हो। यस निर्देशनलाई कडाइका साथ पालना गर्न मन्त्रालयले भनेको छ।

सूचनामा वैकल्पिक सिकाइ केन्द्र निर्माण गरी शैक्षिक गतिविधि सञ्चालन गर्न भनिएको छ। साथै भूकम्पबाट क्षतिग्रस्त भवनहरुको प्राविधिक परीक्षण गराई सुरक्षाको पूर्ण प्रत्याभूतिसहीत शैक्षिक क्रियाकलाप सञ्चालन गर्न उसले निर्देशन दिएको छ।

मन्त्रालयको तथ्याङ्क अनुसार भूकम्पबाट ४९ जिल्लाका १९ हजार २ सय ८९ विद्यालय मध्ये ६ हजार ९ सय २ विद्यालय प्रभावित भएको छ। जसमध्ये १६ हजार ४ सय ७५ कक्षा कोठा पूर्ण रुपमा क्षति भएको छ भने ७ हजार २ सय ६६ आंशिक र १२ हजार ६ सय १३ कक्षा कोठामा सामान्य क्षति पुगेको छ।

### उल्लेख्य

- राष्ट्रिय विपद् व्यवस्थापन, अनुगमन समितिले अस्थायी आवास निर्माणका लागि ५० हजार रूपियाँ प्रदान गर्न निर्देशन दिएको छ। भूकम्प पीडितलाई अस्थायी बासका लागि सरकारले १५ हजार रूपियाँ दिने निर्णय गरेको थियो। उक्त १५ हजार रूपियाँ बास निर्माणका लागि अपुग भएको भन्दै त्यसमा ३५ हजार रूपियाँ थप गर्न समितिले निर्देशन दिएको हो। जेठ २० गते बसेको समितिको बैठकले यस निर्देशन कार्यान्वयन भए-नभएको विषय र प्रगतिबारे पाँच दिनभित्र समितिलाई जानकारी गराउन समेत भनेको छ। समितिले भूकम्प प्रभावित सबै जिल्लाका पीडितलाई पाँच दिनभित्र राहत सामग्री र रकम उपलब्ध गराउन सरकारलाई निर्देश गरेको छ।

- भूकम्पले भत्काएर ध्वस्त भएको सदरमुकाम चौताराका घरका अवशेषहरू हटाउने काम चौतारा नगरपालिकाले जेठ २१ गतेदेखि शुरु गरेको छ। भूकम्पबाट भत्किएका घर भित्र रहेका सामग्री झिक्न घर धनीलाई सात दिनको समय दिएकोमा जेठ २० गते सकिएको

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

थियो । चौतारा नगरपालिकाले डोजर लगाएर अवशेषहरू हटाएर चौतारा बजारको सडक सुचारु गर्ने नगरका कार्यकारी प्रमुख श्रीकृष्ण पौड्यालले बताए ।

- भूकम्पले हनुमानढोकामा रहेको जिल्ला प्रहरी कार्यालयलाई क्षति पुऱ्याएको छ । भूकम्पबाट भौतिक संरचना बस्न र काम गर्न नमिल्ने गरी क्षतिग्रस्त भएपछि हाल प्रहरी कार्यालय टेकुस्थित नेशनल ट्रेडिङको भवनमा सरेको छ । पर्याप्त ठाउँको अभाव र अफिसियल वातावरण नहुँदा कार्यसञ्चालनमा असर पुगेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता तथा डिएसपी विश्वराज पोखरेल । उनले भने "नयाँ भवन छ । आफ्नो स्वामित्वमा छैन । पर्याप्त ठाउँ छैन । खानेपानी र शौचालयको समस्या छ । हाम्रा जवान र अधिकृत पाल टाँगी सुतेका छन् ।"

- जिल्ला विकास समिति, सिन्धुपाल्चाकले भूकम्पले घर भत्केका पीडितलाई जस्तापाता किन्न १५ हजार रुपियाँ वितरण कार्य सुरु गरेको छ । सम्बन्धित गाविस सचिवहरूमार्फत वितरण गर्न लागिएको १५ हजार भूकम्पले घर पूर्णरुपले भत्किएकालाई मात्र दिने व्यवस्था निर्देशिकाले गरेको सहायक प्रमुख जिल्ला अधिकारी भरतप्रसाद आचार्यले बताए । सिन्धुपाल्चोक जिल्लामा ६३ हजार ५ सय घर पूर्णरुपले ध्वस्त भएको उनले बताए ।

- रौतहट क्षेत्र नं ४ का सभासद रामकुमार भट्टराईको नेतृत्वमा आएको टोलीले मकवानपुर जिल्ला नामटार गाविसस्थित भिरघारीको टोड्केमा ०७२ जेठ २० गतेसम्म सात वटा टहरा निर्माण गरिसकेको छ । टोलीले विगत चार दिनदेखि टोड्केमा नै बसेर भूकम्पले भत्काएको घरका भग्नावशेष पछ्याउँदै टहरा निर्माण गरेको छ ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline